आज मिति २०७९ भाद्र ३१ गते शुक्रबारको दिन दार्मा गाउँपालिका आ.व. २०७९/८० को चौथो कार्यपालिका बैठक का.वा. अध्यक्ष जुना मल्ल चन्द ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री जुना मल्ल चन्द | का.वा. अध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री राजकुमार वली | रोजगार संयोजक |
| श्री भुपेन्द्र पुन | सब-इन्जिनियर |
| श्री सुनिल बि.सी. | सहायकस्तर पाँचौ |
| श्री लोकेन्द्र वि.क. | कार्यालय सहयोगी |
| श्री महेश्वर देवकोटा | वरिष्ठ कृषि विकास सहायक |

## प्रस्तावहरू

१) सडक मर्मत सम्बन्धमा ।

२) प्रधानमन्त्रि रोजगार कार्यक्रमको काम सुचारु गर्ने सम्बन्धमा ।

३) भल्चौर सहकारीको कार्बाही प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।

४) अति अशक्तलाई वडाबाट सा.सु भत्ता वितरण गर्ने सम्बन्धमा ।

५) बजार अनुगमन सम्बन्धमा ।

६) योजना सम्झौता र कार्यान्वायन सम्बन्धमा ।

७) DPR / IEEगर्ने योजनाहरुको प्राथमिकिकरण सम्बन्धमा ।

८) प्रा.वि लिगाछापको विद्यालय मर्मत सम्वन्धमा ।

९) मा.वि. ढाकाडमकोटको विद्यालय मर्मत सम्बन्धमा ।

१०) संविधान दिवस मनाउने सम्बन्धमा ।

११) IT officer को स्थानीय भत्ता सम्बन्धमा ।

१२) उद्यम विकास समिति गठन सम्बन्धमा ।

१३) महिला स्वास्थ्य स्वंमसेविकाको सम्मानजनक विदाई सम्वन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

वर्षातको समयमा विग्रेका दार्मा गाउँपालिका अन्तरगत ६ बटै वडाका मुख्य र सहायक बाटोहरुको मर्मत कार्य यथासिघ्र अगाडि बढाउने । र मर्मत कार्यको लागि सबैभन्दा छिटो हुने खरिद विधि प्रयोग गरी दशैं सम्ममा मर्मत कार्य पुरा गरी यातायात चल्न सक्ने बनाउने ।

**निर्णय नं. २**

प्रधानमन्त्रि रोजगार कार्यक्रमका कामहरु संचालन लागि वडाहरुले योजना छनौट गरी कार्यलयमा पठाउन वडा कार्यालय लाई निर्देशन दिने ।

निम बहादुर के.सी.
अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

भल्चौर कृषि सहकारी संस्थाको आर्थिक हिनामिनाको सम्बन्धमा छानविन समितिको प्रतिवेदन उपर छलफल गरियो । आर्थिक हिनामिनाका आरोपित प्रवन्धक हेमन्त वलीले प्रतिवेदनमा उल्लेखित हिनामिना रकम निजको चल अचल सम्पति बाट असुल उपर गर्न गराउन कार्यालयले सहजिकरण गर्ने र निजको बुवा, आमा, निज हेमन्त वली तथा निजको श्रीमतिको नाममा भएको घरजग्गा मुद्धाको किनारा नलाग्दा सम्म वेचविखनको सिफारिस नगर्न वडा कार्यालयहरुलाई निर्देशन दिने र उल्लेखितका नाममा रहेको घरजग्गा रोक्का गर्न मालपोत कार्यालय सल्यानलाई अनुरोध गर्ने ।

निर्णय नं. ४

यस आ.व. को पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता अतिअशक्त अपांग तथा हिडडुल गर्न नसक्ने वृद्ध वृद्धाहरुको लागि वडा कार्यालय वा पायक पर्ने स्थानबाट वितरण गर्ने ।

निर्णय नं. ५

वडा दशैं र तिहारको समयमा खाद्यान्न लगायतको सामानको मिसावट, खाद्यान्न प्रयोग गर्ने म्याद तथा अखाद्य वस्तुको प्रयोग रोक्न तपसिलको बजार अनुगमन समितले नियमित बजार अनुगमनको काम गर्ने ।

तपसिल

| | |
|---|---|
| क) रेशम ओली | संयोजक |
| ख) यज्ञ बहादुर वस्नेत | सदस्य |
| ग) शेर बहादुर चन्द | सदस्य |
| घ) विनोद बाबु के.सी | सदस्य |
| ङ) प्रकाश शर्मा | सदस्य |

निम बहादुर के.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

गाउँपालिकाको योजना कार्यान्वायन समय तालिका बमोजिम योजना कार्यान्वायन प्रक्रियालाई तुरुन्त प्रारम्भ गर्ने ।

निर्णय नं. ७

दार्मा गाउँपालिका भित्र तपसिलको स्थानमा वातावरणीय प्रभाव मुल्यांकन EIA गर्ने ।

१) चैतेखोलाको ढुङ्गाखानी, वडा नं २

२) दार्मा-मासुगार खोला, वडा नं २,३,४,६

३) लालिगुराँस /पुखात सामुदायीक वन, दार्मा-४

४) मौलेखाली क्षेत्र, वडा न २

५) ढाँरखोला झ्यारीवाङ, वडा नं २

निर्णय नं. ८

प्रा.वि लिगाछापको विद्यालय जिर्ण भई मर्मत गर्नुपर्ने भनी उक्त विद्यालयबाट आएको निवेदन उपर छलफल हुदा प्राविधिक इस्टिमेट तयार गरी मर्मत कार्य प्रारम्भ गर्ने र स्रोत/वजेटको व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ९

मा.वि ढाकाडमकोट विद्यालय जिर्ण भई मर्मत गर्नुपर्ने भनी उक्त विद्यालयबाट आएको निवेदन उपर छलफल हुदा प्राविधिक इस्टिमेट तयार गरी मर्मत कार्य सुचारु गर्ने र स्रोत/बजेटको व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. १०

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०**

यहि असोज ३ गते संविधान दिवसको दिन कार्यालयमा वृक्षारोपन, सरसफाई, तथा दिप प्रज्वलन जस्ता कार्यक्रम गरी संविधान दिवस मनाउने र आफ्नो मौलिकतामा संविधान दिवस मनाउन वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुलाई निर्देशन दिने ।

**निर्णय नं. ११**

दार्मा गाउँपालिकामा कार्यरत It Officer विपिन पुनलाई स्थानीय भत्ता उपलव्ध गराउने ।

**निर्णय नं. १२**

दार्मा गाउँपालिकामा तपसिलको उद्यम विकास समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १. निम बहादुर के.सी. | संयोजक |
| २. पुष्पञ्जली मगर | सदस्य |
| ३. रेशम ओली | सदस्य |
| ४. रमा सुनार | सदस्य |
| ५. कमला पाण्डे | सदस्य |
| ६. कमल पाण्डे | सदस्य |
| ७. महेश्वर देवकोटा | सदस्य-सचिव |

**निर्णय नं. १३**

दार्मा गाउँपालिकामा लामो समय सेवा गरी अनिवार्य तथा स्वच्छिक अवकासमा जाने ७ जना महिला स्वास्थ्य स्वंमसेविकालाई सम्मान स्वरुप जनही रु. ५० हजार उपलव्ध गराई स-सम्मान विदाई गर्ने ।

निर्णय प्रमाणित